# नेपाल सरकारद्वारा सञ्चालित
# राष्ट्रिय गौरव/प्राथमिकता प्राप्त तथा जिल्लास्तरीय

## विकास योजनाहरु (आ.व. २०६९।७०)को कार्यान्वयन अवस्थाको
## अनुगमन/निरीक्षण प्रतिवेदन

नेपाल सरकार
गृह मन्त्रालय

## क्षेत्रीय प्रशासन कार्यालय

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र
राजपुर, डोटी
२०७० जेष्ठ

**मितिः-२०७० ।०२ ।३०**

**श्रीमान् क्षेत्रीय प्रशासक ज्यू**
**क्षेत्रीय प्रशासन कार्यालय**
**दिपायल, डोटी ।**

**विषयः**- राष्ट्रिय गौरव/प्राथमिकता प्राप्त तथा जिल्लास्तरीय योजनाको अनुगमन प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

यस सुदूर-पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका दार्चुला, वैतडी र बझाङ् जिल्लामा सञ्चालित राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त ($P_1$) योजना एवं जिल्लास्तरीय विकास योजनाहरू समेतको स्थलगत अनुगमन तथा निरीक्षण गर्न मेरो संयोजकत्वमा एक टोली खटाइएको थियो । उक्त जिम्मेवारी पुरा गर्ने सिलसिलामा मिति २०७० जेष्ठ २१ देखि २७ गतेसम्म दार्चुला र वैतडी जिल्लाको भ्रमण गरी उल्लिखित विकास योजनाहरूको अनुगमन तथा निरीक्षण गरिनुका साथै जिल्लास्तरमा विकास योजना कार्यान्वयन गर्ने निकायहरूको कामकारवाही समेतको सार्वजनिक सुनुवाई सम्पन्न गरी यो प्रतिवेदन तयार गरेका छौं । अतः यस प्रतिवेदनमा स्थानीय जनताको सरकारप्रतिको अपेक्षा तथा आगामी दिनमा अपरिहार्य रूपले चाल्नुपर्ने कदमका सम्बन्धमा प्रकाश पार्ने प्रयास गरिएकोले तत्सम्बन्धमा श्रीमान्को ध्यानाकर्षण गराउँदै यो प्रतिवेदन पेश गरेका छौं ।

**प्रतिवेदक**
दिनेश कुमार घिमिरे
सह-क्षेत्रीय प्रशासक

शिवदत्त अवस्थी
शाखा अधिकृत

नारायण भट्ट
जनस्वास्थ्य अधिकृत

राम बहादुर वोगटी
लेखापाल

# विषयसूचि


अध्याय-१ ........ १

१.परिचयः- ........ १

*१.१. पृष्ठभूमि* ........ १

*१.२. अनुगमन/निरीक्षणको लागि छनौट भएका आयोजना तथा जिल्लाहरुः-* ........ १

*१.३. अनुगमन/निरीक्षणको विधिः-* ........ २

*१.४. अनुगमन/निरीक्षणमा खटिएको टोली* ........ २

*क) अनुगमन/निरीक्षण टोलीः-* ........ २

*१.५. अनुगमन/निरीक्षण कार्यको सीमितता* ........ २

*क) समयको सीमितता* ........ २

*ख) जनशक्ति सीमितता* ........ ३

*ग) सूचनाको सीमितता* ........ ३

अध्याय-२ ........ ४

२. अनुगमन/निरीक्षणबाट प्राप्त विवरण ........ ४

२.१. चमेलिया जलविद्युत आयोजनाः- ........ ४

२.२. गोकुलेश्वर-दार्चुला सडक आयोजनाः- ........ ४

२.३. दार्चुला-टिंकर सडक आयोजनाः- ........ ४

२.४. वैतडी-झुलाघाट सडकखण्डः- ........ ४

२.५. दार्चुला जिल्लाको विकास आयोजना र सेवा प्रवाहः- ........ ४

जिल्ला कृषि विकास कार्यालय :- ........ ५

दार्चुला-टिंकर सडक आयोजना :- ........ ५

अपी-नम्पा संरक्षण क्षेत्र :- ........ ५

जिल्ला शिक्षा कार्यालय :- ........ ५

जि.वि.स. :- ........ ५

जिल्ला प्रशासन कार्यालय :- ........ ५

२.६. वैतडी जिल्लाको विकास योजना र सेवा प्रवाह ........ ५

क) वैतडी जिल्लाको समग्र अवस्थाः- ........ ५

ख) सार्वजनिक सुनुवाईमा उठेका सवालहरुः- ........ ६

अध्याय-३ ........ ८

३. समाधान, निष्कर्ष तथा सिफारिश :- ........ ८

३.१. समस्या तथा गुनासो समाधानका प्रयासहरुः- ........ ८

१. चमेलिया जलविद्युत आयोजना, गोकुलेश्वर, दार्चुलाः- ........ ८

२. गोकुलेश्वर-दार्चुला सडक आयोजनाः- ........ ८

३) टिंकर-दार्चुला सडक आयोजनाः- ........ ८

४) वैतडी-झुलाघाट सडकखण्डः- ........ ८

५) दार्चुला जिल्लाः- ........ ९

६) वैतडी जिल्ला :- ........ ९

३.२. निष्कर्षः- ........ ९

३.३. सिफारिशः- ........ १०

१) आयोजना तर्फ/विकास निर्माण तर्फ ........ १०

२) सेवा प्रवाह तर्फः- ........ १०

३) समाज सुधार तर्फ :- ........ १०

४) राजनीतिक सुधार तर्फ :- ........ ११

५) आर्थिक सुधार तर्फ :- ........ ११

अनुसूचीहरु ........ १२

अनुसूची- १ ........ १२

चमेलिया जलविद्युत आयोजनाको विवरण ........ १२

अनुसूची- २ ........ १२

गोकुलेश्वर-दार्चुला सडक आयोजनाको विवरण ........ १२

अनुसूची- ३ ........ १२

दार्चुला-टिंकर सडक आयोजनाको विवरण ........ १२

अनुसूची- ४ ........ १२

विभिन्न सरकारी कार्यालयको अनुगमन/मूल्यांकन फाराम ........ १२

# अध्याय-१

## १.परिचयः-

### *१.१. पृष्ठभूमि*

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउने; कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन गर्ने प्रमुख उद्देश्यकासाथ सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली, २०६५ लागू भएको छ । उक्त कानूनले नै नेपाल सरकारको काम कारवाहीलाई मार्गदर्शन गरेको छ ।

सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम २७ को उपनियम (१) मा एक क्षेत्रीय अनुगमन तथा मूल्यांकन समिति रहने व्यवस्था छ । आफ्नो क्षेत्रभित्रका क्षेत्रीय, अञ्चलस्तरीय एवं सरकारी सेवा प्रदायक निकायहरुको काम कारवाहीको नियमित अनुगमन र मूल्यांकन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यका साथ उक्त समिति गठनको व्यवस्था मिलाइएको हो । यसका अतिरिक्त सुशासन नियमावली, २०६५ को नियम ४० मा सचिवले आफ्नो मातहतको कार्यालयको परियोजनाको प्रत्येक आ.व.मा कम्तिमा १ (एक) पटक आफैले वा आफूले अख्तियार सुम्पेको कर्मचारीद्वारा अनिवार्य निरीक्षण गराउनुपर्ने प्रावधान छ । सो समितिले आफ्नो क्षेत्रभित्रका क्षेत्रीय एवं अञ्चलस्तरीय सरकारी निकायहरुको अनुगमन तथा मूल्यांकन गरी मन्त्रालयस्तरीय अनुगमन एकाईमा पठाउनु पर्ने भएकोले क्षेत्रीय प्रशासन कार्यालयले सह-क्षेत्रीय प्रशासक श्री दिनेश कुमार घिमिरेको नेतृत्वमा क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दिपायलका अधिकृत प्रतिनिधि, क्षेत्रीय हुलाक निर्देशनालय, दिपायलका प्रतिनिधि लगायतको टोली खटाएको थियो ।

### *१.२. अनुगमन/निरीक्षणको लागि छनौंट भएका आयोजना तथा जिल्लाहरुः-*

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रभित्र सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरु, विशेष प्राथमिकता प्राप्त आयोजना ($P_1$) का हकमा निम्नानुसारका आयोजनाहरुको अनुगमन तथा निरीक्षणको लागि छनौंट गरिएको थियो ।

क) चमेलिया जलविद्युत आयोजना, गोकुलेश्वर, दार्चुला ।
ख) गोकुलेश्वर-दार्चुला सडक आयोजना ।
ग) दार्चुला-टिंकर सडक आयोजना ।
घ) मध्यपहाडी लोकमार्ग अन्तर्गतको वैतडी-झुलाघाट सडकखण्ड ।

साथै राष्ट्रिय प्राथमिकता प्राप्त योजनाहरुका अलावा जिल्लास्तरमा सार्वजनिक सेवा प्रवाहको अवस्था र जिल्लास्तरीय विकास क्रियाकलाप सम्बन्धमा समेत अनुगमन/निरीक्षण गर्ने लक्ष्य लिइएको थियो । यसका निम्ति दार्चुला र वैतडी जिल्लामा अवस्थित केही सरकारी कार्यालयहरुको मूल्यांकन फारामको माध्यमबाट अनुगमन गरिएको थियो भने जिल्ला सदरमुकाममा सार्वजनिक सुनुवाई समेतको आयोजना गरिएको थियो ।

### *१.३. अनुगमन/निरीक्षणको विधिः-*

अनुगमन/निरीक्षणलाई प्रभावकारी, व्यवस्थित तथा उद्देश्यपरक बनाउनका निम्ति उक्त टोलीमा सञ्चारकर्मी तथा नागरिक समाजका प्रतिनिधिसमेतलाई सम्मिलित गराई प्रत्येकको कार्यविभाजन र जिम्मेवारी तोकिएको थियो । यसरी जिम्मेवारी वहन गरेका टोलीका सदस्यहरुले निम्नानुसारको विधि अपनाई अनुगमन/निरीक्षणको कार्य सम्पन्न गरेका थिए ।

क) स्थलगत निरीक्षण,
ख) आयोजना प्रमुख तथा कार्यालय प्रमुखसँग छलफल,
ग) नागरिक समाजका प्रतिनिधिसँग सम्वाद,
घ) सञ्चारकर्मीलाई सूचना संप्रेषणमा परिचालन,
ङ) सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना,
च) लक्षित, लाभान्वित तथा सेवाग्राही समूहसँग अन्तरक्रिया ।

### *१.४. अनुगमन/निरीक्षणमा खटिएको टोली*

क्षेत्रीय प्रशासन कार्यालय, सुदूर-पश्चिमाञ्चल विकास क्षेत्र, दिपायलको मिति २०७० बैशाख .........गतेको निर्णयानुसार निम्नानुसारको टोली गठन गरिएको थियो ।

#### *क) अनुगमन/निरीक्षण टोलीः-*

| | |
|---|---|
| १. क्षेत्रीय प्रशासन कार्यालय, दिपायल श्री दिनेश कुमार घिमिरे (सह-क्षेत्रीय प्रशासक) | -टोली प्रमुख |
| २. क्षेत्रीय प्रशासन कार्यालय,दिपायल श्री शिवदत्त अवस्थी (शाखा अधिकृत) | -सदस्य |
| ३. क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दिपायल श्री नारायण भट्ट (जनस्वास्थ्य अधिकृत) | -सदस्य |
| ४. नागरिक समाज, दार्चुला श्री धनराम सिंह ठगुन्ना | -आमन्त्रित |
| ५. संचारकर्मी, दार्चुला श्री मनोज भट्ट (अपि टाइम) | -आमन्त्रित |
| ६ संचारकर्मी, दार्चुला श्री नरेन्द्र कार्की (नयाँ नेपाल एफ.एम) | -आमन्त्रित |
| ७. नागरिक समाज, वैतडी श्री मानबहादुर चन्द | -आमन्त्रित |
| ८. संचारकर्मी, वैतडी श्री गणेश दयाल (गोरखापत्र) | -आमन्त्रित |
| ९. संचारकर्मी , वैतडी श्री नरेन्द्र भट्ट | -आमन्त्रित |
| १०. संचारकर्मी, श्री चन्द्र देव जोशी | -आमन्त्रित |
| ११. क्षेत्रीय हुलाक निर्देशनालय, दिपायल श्री रामबहादुर वोगटी | -सदस्य |

<u>सहयोगीहरु</u>
क) श्री गणेश बहादुर साउंद (का.स.) क्षेत्रीय प्रशासन कार्यालय, दिपायल
ख) श्री रतन बहादुर कठायत (ह.स.चा.) क्षेत्रीय प्रशासन कार्यालय, दिपायल

### *१.५. अनुगमन/निरीक्षण कार्यको सीमितता*

#### *क) समयको सीमितता*

टोलीलाई १(एक) सप्ताहको समयसीमा तोकिएको तर अनुगमन/निरीक्षण गर्नुपर्ने भौगोलिक क्षेत्र धेरै र अधिक कार्यालयहरु रहेकाले पर्याप्त समय दिएर अनुगमन/निरीक्षण गर्न सकिएन ।

### *ख) जनशक्ति सीमितता*

टोलीमा सबै क्षेत्र र विषयको विशेषज्ञता हासिल गरेको व्यक्ति संलग्न गराउन नसकिएकोले सम्बन्धित कार्यालय, आयोजना र व्यक्तिले दिएको सूचनामै निर्भर रहनु परेको । कुनै-कुनै कार्यालयमा सूचना प्रवाह गर्ने सम्बन्धित कर्मचारी नहुँदा समेत समस्या रहेको थियो ।

### *ग) सूचनाको सीमितता*

अनुगमन/निरीक्षणको कार्यविधि आफै तयार गरिएकोले पूर्व आँकलन गरिए अनुसार वास्तविक रुपमा स्थलगत निरीक्षणमा त्यस्तो सूचना प्राप्त गर्न नसकिने अवस्था रह्यो । फलस्वरुप पूर्वानुमान गरिए अनुरुपको निश्चित ढाँचा र प्रकृतिको सूचना प्राप्त गर्न कठिनाई रह्यो ।

# अध्याय-२

## २. अनुगमन/निरीक्षणबाट प्राप्त विवरण

### २.१. चमेलिया जलविद्युत आयोजनाः-

दार्चुला जिल्लाको गोकुलेश्वरमा अवस्थित यस जलविद्युत आयोजनाको कामकारवाही सुचारु रुपले चलिरहेको पाइयो । करिव ८५% भौतिक र ७०% वित्तीय प्रगति रहेको उक्त आयोजनामा चिनियाँ ठेकेदार कम्पनीबाट सिभिल वर्कस र कोरियन कम्पनीबाट पावर प्लान्ट निर्माण गर्ने कार्य भैरेको छ ।

सन् २००७ मा प्रारम्भ गरी सन् २०११ मा सम्पन्न गरिसक्नुपर्ने उक्त आयोजना हालसम्म सम्पन्न भैनसकेकोले नेपाल सरकारलाई थप आर्थिक व्ययभार परेको छ । निर्माणको क्रममा सुरुङ्ग खुम्चिएकोले यसले निर्माण अवधि अझ बढाइदिएको छ । यसबाट नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणले थप करिव ३ अर्व आर्थिक दायित्व व्यहोर्नुपर्ने भएको छ । निर्माण सम्पन्न हुन अझै न्यूनतम १ वर्ष लाग्ने देखिन्छ । निर्माण स्थलमा कामदारको स्वास्थ्य सुरक्षा (Health and Security) को स्थितिका बारेमा त्यति ध्यान पुऱ्याइएको थिएन । जसले गर्दा कामदारको स्वास्थ्यमा समस्या देखिएको छ । निर्माणस्थलमा अनुगमन टोली पुग्दा टोलीका सदस्यले समेत धूलो र ध्वनी लगायतका प्रदुषण व्यहोर्नुपरेको थियो । (विस्तृत अनुसूची -१ मा हेर्नुहोस्)

### २.२. गोकुलेश्वर-दार्चुला सडक आयोजनाः-

७२ कि.मि. लम्बाइको यो सडक आयोजना निर्माण कार्य धमाधम भैरहेको पाइयो । सडक ठाउँठाउँ (सडकखण्ड) गरी निर्माण भैरहेको तथा सडक साँघुरो नै रहेको पाइयो । चालु आ.व. को आषाढ मसान्तसम्ममा कार्य सम्पन्न गर्नुपर्ने भएतापनि उक्त अवधिभित्र कार्य सम्पन्न गरिसक्ने विषयमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । (विस्तृत अनुसूची -२ मा हेर्नुहोस्)

### २.३. दार्चुला-टिंकर सडक आयोजनाः-

१३४ कि.मि. लम्बाइको यो सडक निर्माण कार्य भैरहेको पाइयो । आ.व. ०६५।६६ देखि प्रारम्भ भएको यो आयोजना त्रिवर्षीय योजनाको अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । खण्डीकृत रुपमा २९ कि.मि. ट्र्याक खुलेको, २०७० साल आषाढ मसान्तसम्ममा ९ कि.मि. ट्र्याक खुल्ने तथा केही लम्बाइमा सडक चौडा गर्ने कार्य सम्पन्न हुने जानकारी पाइयो । समग्रमा यो सडक निर्माण कार्य उत्साहजनक र लक्ष्योन्मुख नरहेको अवस्था देखियो । (विस्तृत अनुसूची -३ मा हेर्नुहोस्)

### २.४. वैतडी-झुलाघाट सडकखण्डः-

१८ कि.मि. लम्बाई रहेको मध्यपहाडी लोकमार्ग अन्तर्गतको यो सडकखण्ड निर्माण सम्बन्धमा कुनै गतिविधि रहेको स्थलगत रुपमा पाइएन । तर जनताको अपेक्षा यो सडकखण्ड चाँडै पूरा होस् भन्ने रहेको पाइयो । यस्तै झुलाघाटमा नेपाल-भारत जोड्ने पक्की पुल निर्माणमा समेत शीघ्रता आओस् भन्ने आमजनता, कार्यरत कर्मचारी, राजनीति दल समेतको चाहना रहेको पाइयो।

### २.५. दार्चुला जिल्लाको विकास आयोजना र सेवा प्रवाहः-

दार्चुला जिल्लास्थित सरकारी सेवा प्रदायक र विकास आयोजना कार्यान्वयन गर्ने निकायहरु,नागरिक समाज, राजनीतिक दल र संचारकर्मी समेतको संलग्नतामा सार्वजनिक

सुनुवाई कार्यक्रम आयोजना गरियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा जनता, राजनीतिक दल र संचार जगतले सेवा प्रवाह तथा विकास निर्माणको क्रममा विगतमा सम्पादन भएका कार्यहरुको सम्बन्धमा आफ्ना गुनासो, जिज्ञासा तथा सुधारको निम्ति जोडदार आवाज उठाएका थिए । जनताबाट उठेका सवालहरु र गुनासोको सम्बन्धमा सम्बन्धित सेवा प्रदायक र विकास निर्माणका सरकारी निकायले जवाफ दिएका थिए । उक्त कार्यक्रममा प्रस्तुत मुख्य-मुख्य सवालहरु निम्नानुसार उल्लेख गरिएको छ ।

<u>जिल्ला कृषि विकास कार्यालय</u> :-

- "एक गाउँ उक उत्पादन" सम्बन्धमा के भैरहेको छ ? PPP अवधारणालाई कसरी लैजाने? तरकारी उत्पादनमा कहिलेसम्म आत्मनिर्भर हुने ? गाउँ-गाउँसम्म कृषिको प्राविधिक सेवा सन्तोषजनक नभएकोले यसलाई सुधार गर्नुपर्छ भन्ने सवाल तथा मागहरु प्रस्तुत भएको थियो ।

<u>दार्चुला-टिंकर सडक आयोजना</u> :-

- EIA नगरिकन निर्माण कार्य अघि बढाइरहेकोले यसमा वन कार्यालयले आपत्ति जनाएको ।
- सडकको चौडाई कम भएकोले कसरी त्रिदेशीय अन्तरसम्बन्ध स्थापित गर्ने हुन सक्छ ? यसको चौडाई बढाउनु पर्छ भन्ने आवाज उठेको ।
- रातोगाँठामा निर्माण व्यवसायीले निर्माण कार्यमा लापरवाही गरेको, गुणस्तर कमजोर बनाएको तर निजलाई कतैबाट पनि कारवाही नभएको । यस सम्बन्धमा ज्ञापनपत्र समेत दिएको तर सुनुवाई नभएको ।

**<u>जिल्ला वन कार्यालय</u> :-**

- वनको विस्तार र संरक्षणमा क्षेत्रीय प्रशासन कार्यालयले संयोजन गरी दिनु पर्‍यो भन्ने माग उठेको ।

<u>अपी-नम्पा संरक्षण क्षेत्र</u> :-

- हालसम्म साधारण सभा नभएकोले विनियमावली स्वीकृत गर्न नसकेको । तुरुन्त यसलाई अघि बढाउने आवाज उठेको । राजनीतिक भागभण्डाले गर्दा समस्या परेको ।

<u>जिल्ला शिक्षा कार्यालय</u> :-

- हालसम्म अझै सबै विद्यार्थीलाई पुस्तक प्राप्त नगरेको गुनासो ।

<u>जि.वि.स.</u> :-

- कुनै एउटा योजना सम्पन्न भएतापनि मजदुरले पाउनुपर्ने पारिश्रमिक नपाएको ।

<u>जिल्ला प्रशासन कार्यालय</u> :-

- मुद्दाको वयान गराउने दक्ष कर्मचारी नभएको ।
- जनताले उजूरी गर्दासमेत उजुरीको समयमै उचित छानविन नगरेको गुनासो ।

## २.६. वैतडी जिल्लाको विकास योजना र सेवा प्रवाह

### क) वैतडी जिल्लाको समग्र अवस्थाः-

वैतडी जिल्लास्थित सरकारी सेवा प्रदायक तथा विकास योजना कार्यान्वयन गर्ने निकायहरु, नागरिक समाज, राजनीतिक दल र सञ्चारकर्मीहरु समेत समुपस्थितिमा एक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा जनताको तर्फबाट सेवा प्रदायक र विकास कार्यालयहरु प्रति रहेको गुनासो, जनताले भोगेको समस्याका सम्बन्धमा सवालहरु गर्ने तथा सेवा

प्रदायकका तर्फबाट जवाफ दिने ढाँचा तय गरिएको थियो । सो सम्बन्धमा उठेका सवालहरुलाई सम्बन्धित निकायका प्रमुखले सन्तुष्ट पार्ने र आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । अनुगमन/निरीक्षण टोलीका प्रमुख सह-क्षेत्रीय प्रशासकले राष्ट्र निर्माणमा सबैको दायित्व हुने भएकोले सबै एकजुट भै लाग्नुपर्ने बताउनुका साथै सबै जनहितमा केन्द्रित रही कार्य गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

**ख) सार्वजनिक सुनुवाईमा उठेका सवालहरुः-**

- जिल्ला प्राविधिकले जाँचपास गर्ने वित्तिकै माथिबाट तुरुन्त छानविन हुने परिपाटी बसाल्नु पर्‍यो ।
- भ्रष्टाचारको व्यापकता भएकोले आ-आफ्नो दायित्व र जिम्मेवारी सबैले बोध गरेर कार्य गर्नु पर्‍यो । राष्ट्रको सम्पत्तिलाई कुनै पनि तवरले क्षति पुऱ्याउनु भ्रष्टाचार हो ।
- केन्द्रले आफैले योजना लादेर पठाउने गर्नाले स्थानीयस्तरलाई बाइपास गर्ने गरेको छ ।
- NGO/INGO धेरै छन् । यसमा भएको भ्रष्टाचार छानविन हुने संयन्त्र बनाउनु पर्‍यो ।
- उपभोक्ता समितिमा समेत व्यापक लापरवाही र भ्रष्टाचार छ । भीडतन्त्र (Mobocracy) ले जे गऱ्यो त्यही हुने अवस्था अन्त्य हुनु पर्‍यो । दोषीले उन्मुक्ति पाउने, इमान्दारले तारिख बोक्नुपर्ने स्थिति छ ।
- राजनीतिक भाग भण्डाले देश आक्रान्त छ । यसको अन्त्य कसले गर्ने ?
- आफूले आफैलाई हेरौं र सुधार गरौं ।
- योजना छनौंट गर्दा भागवण्डाको आधारमा नभै आवश्यकता र प्राथमिकतालाई ध्यान दिनु पर्‍यो ।
- भ्रष्टाचार र अनियमितताको उजुरी गर्दासमेत त्यसको सुनुवाई भएन । किन भ्रष्टाचार छैन भन्नुपर्‍यो अन्यथा दोषीलाई कारवाही गर्नु पर्‍यो ।
- पूर्वमन्त्री जेल गए, ऐस आराम छँदैछ । आन्दोलनकारीलाई पहिला कारवाही हुन्छ यो देशमा तर भ्रष्टाचारीलाई अन्तिममा हुन्छ ।
- शिक्षा कार्यालयको भ्रष्टाचार व्यापक छ कसले हेर्ने ?
- पार्टीको नेतालाई केही रोजगारी दिने हो कि ?
- अपांग भएको व्यक्तिलाई रकम किन निकासा भएन ? किन हिना मिना गरेको हो ?
- नेपालमा प्रक्रियागत भ्रष्टाचार छ । जेठ असार तिर रकम निकासा हुने भएपछि अनियमितता र भ्रष्टाचार निश्चित छ ।
- ३ वर्ष पहिले फछ्र्यौट भएका योजना अहिले हेर्न जाने हो भने DPC मात्र भएको भेटिन्छ । न.पा.ले बनाएको योजना धेरै अधुरै छ, कहिले बन्छ ?
- यहाँ कमिसनको आधारमा योजना छनौंट र कार्यान्वयन हुने गरेको छ । प्राविधिकले ठाडै प्रतिशतमा कमिशन माग्छन् । यो के हो ?
- ने.क.पा. एमालेले आफ्नै कार्यकर्ताबाट छानविन शुरु गर्दछ । दोषी भए कारवाही गर्न तयार छ ।

- नगरपालिकाले वाल भत्काई वसपार्क निर्माण गर्दा आर्थिक चलखेल भएको छ । भाइको विवाहमा कार्यकारीले गाडी लगेको, मान्छे नै नल्याई बाजेबजै समेतको भ्रमण भत्ता १,१८०००।- भुक्तानी लिएको । यसलाई कसले हेर्ने ?
- नागरिकता टोली खटाउदा गा.वि.स.ले समेत रकम भुक्तानी गरेको छ । दोहोरो भुक्तानी भ्रष्टाचार हो होइन ?
- चमेलिया आयोजनाका गाडी नेताहरुलाई दिनु भ्रष्टाचार हो होइन ?
- नगरमा खानेपानी छैन । Tanker बाट ल्याएर भएपनि नागरपालिकाले पानी वितरण गर्नु पर्‍यो ।
- २/४ वर्ष अघिसम्म फाटेको लुगा लगाउनेको अहिले कैलाली र कञ्चनपुर तिर ५ तले घर बनाएको छ । त्यो भ्रष्टाचार हो होइन ?
- अब त सबै ठाउँमा CCTV राख्नु पर्‍यो ।
- जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरी ५/६ वर्षदेखि Panding छ । छानविन गर्नुपर्ने व्यक्तिले छानविन नगर्नु पनि भ्रष्टाचारलाई प्रश्रय दिनु हो ।

# अध्याय-३

## ३. समाधान, निष्कर्ष तथा सिफारिश :-

### ३.१. समस्या तथा गुनासो समाधानका प्रयासहरु:-

**१. चमेलिया जलविद्युत आयोजना, गोकुलेश्वर, दार्चुला:-**

यस आयोजनाको मुख्य समस्या भनेको बन्दहड्ताल हो । नेपालको कुनै भागमा वा मुख्य रुपले आयोजनालाई उपकरण, पेट्रोलीयम, खाद्यान्न, निर्माण सामग्री आपूर्ति गर्ने तराईको भू-भागमा बन्द हड्ताल भै दिंदा निर्माण कार्यमा गम्भीर असर पुग्दछ । त्यसैले कुनै पनि किसिमको बन्दहड्ताल नहोस् भनी आवश्यक व्यवस्था मिलाउनु जरुरी देखिन्छ ।

त्यस्तै टनेल निर्माणको क्रममा करीव ८०० मिटर लम्बाईमा प्राकृतिक रुपले खुम्चिने अवस्था आएको छ । उक्त खुम्च्याई (Squeezing) लाई उपयुक्त अवस्थामा ल्याउन ठेकेदारको तर्फबाट ३७० दिन थप समय माग भएको छ । आयोजनाका तर्फबाट उक्त समय घटाउन प्रयास भैरहेको छ । ठेकेदारका तर्फबाट ३०० दिनभन्दा घट्न नसक्ने जानकारी दिएको पाइयो । आयोजना पूरा गर्न १ वर्ष न्यूनतम लाग्ने, भुक्तानी समयमै भएमा १ वर्षपछि विद्युत उत्पादन हुने अपेक्षा राख्न सकिन्छ । तर समयमै भुक्तानी नभएमा यो समय अझै लम्बिने देखिन्छ ।

**२. गोकुलेश्वर-दार्चुला सडक आयोजना:-**

यो सडक सुदूरपश्चिमको अन्तिम र टाढाको जिल्ला सदरमुकाम जोड्ने सडक भएकोले यसको निर्माण कार्यलाई द्रुत गति दिनुपर्ने सबै पक्षको दायित्व हो । निर्माण व्यवसायीले यसमा ढिलासुस्ती गरेको हुनाले कानूनसम्मत ढंगले निजलाई कारवाहीको दायरामा ल्याउनु पर्ने देखिन्छ । राजनीतिक उच्च पदस्थ पदाधिकारीसँग निज निर्माण व्यवसायीको प्रत्यक्ष संलग्नता र साझेदारी रहेको भन्ने आमजनताको बुझाई रहेकोले यसलाई त्यही तहबाट समाधान गरी अघि बढाउनु पर्ने हुन्छ ।

चट्टान फुटाउने, सडक चौडा गर्ने लगायतका प्राविधिक पक्षमा परामर्शदाले कम चासो दिएको भन्ने जनताको गुनासो रहेको छ । यसका लागि मानवीय पक्षबाट नेपाली भावनाले सोच्नका लागि परामर्शदातालाई आग्रह गरिएको छ ।

**३) टिंकर-दार्चुला सडक आयोजना:-**

यसमा प्रगति न्यून छ । निर्माण व्यवासायीको लापरवाही तथा ढिलासुस्ती रहेकोले कानूनी दायरामा ल्याई कारवाही गर्नुपर्ने देखिन्छ ।

**४) वैतडी-झुलाघाट सडकखण्ड:-**

मध्यपहाडी लोकमार्गको एक खण्ड तथा नेपालको पछिल्लो विन्दुमा पर्ने भएतापनि यसमा प्राथमिकता पाइएको छैन । आगामी आ.व.मा पर्याप्त बजेट विनियोजन गरी सडक निर्माणलाई पूरा गर्नुपर्ने हुन्छ । झुलाघाटको पुलको सम्बन्धमा तत्कालीन प्र.मं. स्वर्गीय गिरिजा प्रसाद कोइरालाको पालामा भारतसँग संझौता भै भारत सरकारले पुल निर्माण गरी दिने निश्चित भएको भन्ने भनाई जनताको रह्यो । यदि त्यसो हो भने यसको खोजविन गरी पुन निर्माण कार्यलाई अघि बढाउनु पर्ने देखिन्छ । जसबाट उक्त भेगलाई भारतसँग सजिलै जोड्न सकिन्छ र त्यो भेगका जनताको जीवनस्तर उकास्न सकिन्छ ।

५) दार्चुला जिल्लाः-

सरकारी तवरबाट सबै सेवा प्रदायक र विकास कार्यालयहरुमा दक्ष जनशक्ति पदपूर्ति नभएकोले कार्यसम्पादनमा कठिनाई भएको छ । स्वास्थ्य, शिक्षा, खानेपानी, जिल्ला प्रशासन, वन सिंचाइ जस्ता कार्यालयमा दक्ष जनशक्ति कम संख्यामा रहेको पाइयो ।

राजनीतिक तवरबाट जिल्लाका क्रियाकलापहरु भागबण्डा चलेका छन् । जनताको माग र आवश्यकतालाई राजनीतिले संयोजन गर्न तत्परता नदेखाएको अवस्था छ । तसर्थ, हरेक पक्षबाट राष्ट्र निर्माणमा एकाकार भएर अघि बढ्न नसक्नु नै आजको विसंगति रहेकोले यसलाई आ-आफ्नो तर्फबाट सुधार गर्नु जरुरी छ ।

सीमापारी भारतमा कही कतै पनि मादक पदार्थ स्वच्छन्द र सर्वसुलभ नभएतापनि नेपाल तर्फ भने यत्रतत्र सर्वत्र यसको सर्वसुलभता देखिन्छ । यो पनि विकासको ठूलो अवरोधको रुपमा रहेको पाइयो ।

६) वैतडी जिल्ला :-

सरकारी कार्यालयमा दक्ष जनशक्तिको अभाव यो जिल्लामा पनि पाइयो । फलतः कार्यसम्पादन जनआकांक्षा अनुरुप नरहेको पाइयो । यसका साथै राजनीतिक दल, नागरिक समाज, संचार जगत् र सरकारी निकायहरुको सुमधुर सम्बन्ध स्थापित हुन नसकेको अवस्था छ ।

आमजनताले उजुरी गर्न पाइन्छ भन्ने जानेको र बुझेको तर आफ्नो दायित्व नबुझेको पाइयो । त्यसलाई एउटा सक्षम नेतृत्वले निराकरण समेत गर्नुपर्ने देखिन्छ । त्यस्तै सरकारी तवरबाट समेत जनभावना अनुरुप कार्य सम्पादन गरी जनताको मनजित्ने काम हुननसकेको अवस्था छ ।

सुदूर-पश्चिमका अन्य जिल्लाजस्तै यस जिल्लामा पनि मादक पदार्थ यत्रतत्र सर्वत्र पाइने रहेछ । जीवनजल नपाउने, पिउने पानी नपाउने, खाद्यान्न अभाव हुने तर मादक पदार्थ सर्वसुलभ हुने विडम्बनाले गर्दा विकासलाई अग्रगति दिन नसकेकोले यसमा गम्भीर भएर सोच्न र उज्यालो भविष्य तर्फ डोऱ्याउन आवश्यक देखिन्छ ।

## *३.२. निष्कर्षः-*

सूदुर-पश्चिमाञ्चल विकास क्षेत्रका ९ वटा जिल्लाहरुमध्ये ६ वटा पहाडी तथा हिमाली क्षेत्रमा पर्ने जिल्लाहरु विकासको दृष्टिकोणले अत्यन्तै पछाडि परेका छन् । ती जिल्लाहरुमध्ये पछाडि परेका महाकाली अञ्चलका दार्चुला र वैतडी जिल्लामा सरकारी कार्यालयले प्रदान गर्ने सेवा प्रवाहको अवस्था र विकास योजना कार्यान्वयनको अवस्थालाई बढी महत्व दिई क्षेत्रीय प्रशासन कार्यालयले टोली खटाउनु अत्यन्तै सकारात्मक पक्षको रुपमा जनताले लिएका छन् । सरकारी कार्यालयका तर्फबाट समेत यस्तो अनुगमन तथा निरीक्षण समय समयमा भइराख्नुपर्ने धारणा व्यक्त गरेका छन् । यस्तो अनुगमन तथा निरीक्षणबाट समयमै कमजोरी सच्याएर सुधारोन्मुख दिशामा अघि बढ्न मद्दत गर्ने तथा अत्यन्तै केन्द्रीकरण भएको हाम्रो मुलुकमा स्थानीय जनताको अपेक्षालाई केन्द्रले सम्बोधन गर्न सहज हुने स्थिति देखिएको छ ।

ठूला विकास आयोजनालाई राजनीतिक मुद्दाले असर गर्ने बन्द हडताल जस्ता अवरोधले ढिलासुस्ती भै देशको ठूलो लगानी जोखिमपूर्ण बन्न जाने हुन्छ । ठेक्का पट्टामा दादागिरी एवं राजनीतिक हिमचिम बढ्दा अन्ततोगत्वा राष्ट्रलाई नै घाटा हुने तथा पिछडिएका क्षेत्रको विकास नहुने निश्चित छ ।

सेवा दिनेले सेवा दिन्छु भनेर मात्र पुग्दैन समाज र जनताको धारणा पनि सेवा प्रदायकप्रति सकारात्मक हुनु जरुरी छ । जुन समाजमा बढी छलकपट, अनियमितता, नकारात्मकता, नैतिकताका कमी रहन्छन् त्यस्तो समाजमा सेवा प्रवाह छिटो छरितो सहज र चुस्त रहन सक्दैन । भारत सरकारले पूर्णतः नियन्त्रित तवरले मादक पदार्थको बिक्री वितरण गरी समाजमा अमनचयन कायम गराउन प्रयास गरेको छर्लङ्ग देखिंदा समेत हाम्रो देशमा अझ भनौ सुदूरपश्चिममा सर्वत्र सर्वसुलभ मदिरा उपलब्ध हुनु, दिउंसै मदिरा सेवनबाट लट्ठ जमात् छ्यासछ्यास्ती भेटिनु लाजमर्दो विषय हो । यो स्थितिले समाजको सोच नकारात्मक भएको, अरुलाई आदरभाव देखाउनु पर्ने भाव क्षयीकरण भएकोले यसलाई वेलैमा राज्यले गहन भएर सोच्नु पर्ने भएको छ ।

सर्वपक्षीय सहमति र सहभागिताका नाममा विकास योजनालाई भागबण्डामा सीमित राखी संस्थागत रुपले अनियमिततामा संलग्न रहने वा अनियमिततालाई उक्साहट गर्ने प्रकृतिको विकास हुँदै गएको पाइएको छ । यसलाई समयमै निराकरण नगरेमा गम्भीर दुर्घटनामा राज्य संयन्त्र पर्ने देखिएको छ ।

गलत गर्ने र भ्रष्टाचारलाई मलजल गर्ने पदाधिकारी तथा व्यक्तिले उन्मुक्ति पाउने अवस्था सृजना भएर इमान्दार र नैतिकवानले झुटो उजुरीको आधारमा अनावश्यक झनझटमा फस्नुपर्ने अवस्था आइपरेको छ । यसतर्फ न्यायिक सिद्धान्त अनुरुपको व्यवहारमा रुपान्तरण अपरिहार्य रुपले आउनुपर्ने देखिएको छ ।

## *३.३. सिफारिशः-*

### *१) आयोजना तर्फ/विकास निर्माण तर्फ*

- चमेलियालाई पूर्ण दिन सबै पक्षले वातावरण सिर्जना गरी दिनुपर्ने ।
- ठेक्कापट्टामा राजनीतिक संरक्षणको अन्त्य राजनीतिक नेतृत्वले गर्नुपर्ने ।
- सहमतिको नाममा भागवण्डा र मिली भगतलाई तुरुन्त बन्द गर्नुपर्ने । दोषीलाई तत्कालै कारवाही गरी हाल्ने ।
- एक वा दुई आ.व. मा सम्पन्न हुने गरी योजना छनौंट गर्नु पर्ने र पर्याप्त बजेट निकासा गर्नु पर्ने ।
- अनुगमन तथा निरीक्षण पद्धतिलाई स्वचालित र उच्च प्राविधिकयुक्त बनाउनु पर्ने ।

### *२) सेवा प्रवाह तर्फः-*

- सरकारी कार्यालयमा दक्ष र पर्याप्त जनशक्ति पदपूर्ति हुनुपर्ने ।
- झुटो उजुरी दिई अरुलाई अनावश्यक दुःख दिने नियतको जुनसुकै व्यक्तिलाई तुरुन्त कारवाही गर्नुपर्ने ।
- पर्याप्त स्रोत साधनको व्यवस्था मिलाई सेवा प्रदायकको अवस्था सुधार गर्नुपर्ने ।

### *३) समाज सुधार तर्फ :-*

- मदिराजन्य पदार्थको बिक्री वितरण नियन्त्रित बनाउनु पर्ने ।
- उच्च नैतिक आचारण भएको व्यक्ति र पदाधिकारी पहिचान गर्ने पद्धतिको विकास गर्नुपर्ने । उदाहरणीय रुपमा समाजमा स्थापित गर्ने ।

- लैंगिक विभेद अन्त्य गराउने कार्यक्रमहरु घनिभूत रुपले लागू गर्नुपर्ने ।

***४) राजनीतिक सुधार तर्फ :-***

- स्थानीय निकायको निर्वाचन यथाशीघ्र गराउनपर्ने ।
- असल रानीतिक संस्कृतिको विकास हुनुपर्ने ।

***५) आर्थिक सुधार तर्फ :-***

- स्थानीयस्तरमा उत्पादन बृद्धि गर्न । युवा पलायनलाई रोक्ने गरी कार्यक्रम लागू गर्नुपर्ने ।